# सिद्धिचरण नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,ओखलढुंगा

कोशी प्रदेश

## औषधि खरिद सम्बन्धी विद्युतिय बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१९

यस कार्यालयको चालु आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तरगतका स्वास्थ्य संस्था तथा स्वास्थ्य केन्द्रहरुबाट निशुल्क रुपमा वितरण गरिने औषधिहरु विद्युतिय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लेखित शर्त बमोजिम विद्युतिय बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

१.बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगा शाखा स्थित आन्तरिक राजश्व खाता नं २०७०१००३०१०१०००३ मा रु ३०००( तिन पछि फिर्ता नहुने गरी)दाखिला गरी सोको भौचर पेश गरिएको हुनु पर्नेछ ।

२.बोलपत्र खरिद कर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र,बिक्रि इजाजत पत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र,आ.व २०७९/८० को कर चुक्ता प्रमण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३.विद्युतिय बोलपत्र दर्ता वापत सूचनामा तोकिए बमोजिमको जमानत रकम यस कार्यालयको रा.बा.बैंक,ओखलढुंगा शाखा स्थित धरौटी खाता नं २०७०१००३०३००००००३ मा नगद जम्मा गरेको भौचर वा बोलपत्र खोलिने मितिले कम्तीमा ७५(पचहतर) दिनको मान्य अवधि रहने स्वीकृत प्रास क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

४.बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको,प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको,खरिद कारवाहीमा भागलिन अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

५.बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको ३१(एकतिसैं) दिनको १२:०० बजे भित्र विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।

६.तोकिएको समय भित्र रित पूर्वक दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु सोही दिनको १४:०० बजे देखि बोलपत्रदाताका प्रतिनिधिहरुको रोहबरमा वा प्रतिनिधि उपस्थित नभएपनि यस कार्यालयमा खोलिनेछ ।

७.बोलपत्र विद्युतिय माध्यमबाट पेश गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र विद्युतिय बोलपत्र पेश गर्न सकिनेछ ।

८.औषधिहरु खरिद गर्दा WHO/GMP Certify Company बाट उत्पादित औषधि मात्र आपूर्ति गर्नुपर्नेछ ।

९.आपूर्ति हुने औषधिहरुको Expiry Date स्टोर दाखिला हुन आएको कम्तीमा २४ महिना बाँकी हुनु पर्नेछ।तर,कुनै औषधिको Expiry Date २४ महिना भन्दा कम हुने अवस्थामा कूल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१०.आपूर्ति हुने औषधिहरुको प्रत्यक Strip/Lebeling/Packeting को बाहिर उत्पादन मिति,Expiry Date,Batch No,उत्पादक कम्पनीको नाम र नेपाल सरकारद्वारा निशुल्क वितरणको लागि भन्ने वाक्यांश उल्लेख भएको हुनु पर्नेछ ।

११.धुलो र झोल औषधि बाहेकका औषधिहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ।बोतल र ट्युबमा आपूर्ति हुने सबै औषधिहरु सिलबन्दी हुनु पर्नेछ।

१२.कार्यालय सम्म औषधि ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१३.बोलपत्रदाताले उपलब्ध गराउने औषधि स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र औषधि व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४.बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।

१५.यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावदी,२०६४ बमोजिम हुनेछ ।

१६.अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा सम्पर्क नं ९८५२८४१९९९ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं. | ठेक्का नं | विवरण | इस्टिमेट अंक(भ्याट समेत) | जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | Goods/NCB/03/080/81 | औषधि खरिद | ३१,०९,५१३।७० | ८०,०००।०० | |

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत